प्रदेश सभाको बैठकमा २०७६ साल असार १ गते आइतबार

मानननीय आर्थिक मामिला तथा योजना मन्त्री झपट बहादुर वोहराले

प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७६/७७ को

# बजेट वक्तव्य

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

**माननीय सभामुख महोदय,**

१. प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले आगामी आर्थिक वर्ष २०७६/७७ को बजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्तै गौरवान्वित भएको छु। आजको यस महत्वपूर्ण अवसरमा राष्ट्रप्रति समर्पित भई राजनीतिक परिवर्तनका लागि भएका विभिन्न जनआन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने दिवंगत सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धा-सुमन अर्पण गर्दछु ।साथै, नेपालको समग्र राजनीतिक परिवर्तनका क्रममा घाइते र बेपत्ता भएका वीरसपूतहरूप्रति सम्मान प्रकट गर्दै युगान्तकारी प्रक्रियामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै राजनीतिक व्यक्तित्वहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

२. मुलुकमा भएको आमूल राजनीतिक परिवर्तन, लोकतान्त्रिक राज्य प्रणाली तथा संस्थाहरुको सुदृढीकरण, नागरिक प्रतिको उत्तरदायित्वमा गुणात्मक अभिवृद्धि, अधिकार र कर्तब्यप्रति नागरिक चेतनाको विस्तार, सामाजिक न्याय सहितको तीब्र आर्थिक विकास र समृद्धिको लागि हामी सबै प्रदेशवासी मन, वचन र कर्मले प्रतिवद्ध भई क्रियाशील हुनुपर्ने आजको टड्कारो आवश्यकता रहेको छ ।

३. प्रदेश सरकारको चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनबाट प्रदेश सञ्चालनको लागि अत्यावश्यक कानूनी एवम संगठनात्मक संरचनाको व्यवस्था भई नागरिकको घर आँगनमा प्रदेश सरकारको उपस्थितिको अनुभूति हुन पुगेको छ । प्रदेश सरकारको उपस्थितिको छोटो अवधिमै नीति, कानून, जनशक्ति, भौतिक संरचना र स्रोत साधन समेतका अति आवश्यक शासकीय आधारशीलाहरु तयार गर्दै जनताको आधारभूत स्वास्थ्य सेवामा पहुँच विस्तार, शैक्षिक पूर्वाधार एवं गुणस्तरमा सुधार, भौतिक पूर्वाधारको विस्तार, कृषि क्षेत्रमा उत्पादन र उत्पादकत्वमा अभिवृद्धि, रोजगारीका अवसरहरुमा वृद्धि र गरिवी न्यूनीकरणका लागि सञ्चालन गरिएका कार्यक्रमहरु उत्साहप्रद रुपमा कार्यान्वयनको चरणमा अघि बढिरहेका छन् ।

४. संविधानले परिकल्पना गरेको दिगो विकास, समृद्धि र सुशासन प्राप्तिका लागि चालू आर्थिक वर्षमा वृहत्तर आधारशीलाको निर्माण भएकोछ । प्रदेशवासीको चाहना अनुरूप विकास गर्न प्रदेश सरकार दृढसकल्पित रहेकोछ ।

५. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान र कानून, प्रदेश सभाबाट पारित भएको सरकारको नीति तथा कार्यक्रम, विनियोजन विधेयक, २०७६ का उद्देश्य, सिद्धान्त, प्राथमिकता र प्रमुख नीतिहरु, संघीय सरकारको पन्ध्रौं योजनाको आधारपत्र र दिगो विकासका लक्ष्यलाई प्रमुख आधार बनाएको छु । बजेट तर्जुमाको क्रममा प्रदेशवासी दाजुभाइ दिदीबहिनीहरुबाट प्राप्त अमुल्य सुझावहरुलाई मनन गर्नुका साथै यस प्रदेशबाट संघीय संसदमा प्रतिनिधित्व गर्नुहुने माननीय सांसदज्यूहरु, प्रदेश सभाका माननीय सांसदज्यूहरु, स्थानीय तह, विभिन्न संघ संस्था, बुद्दिजिवी, संचार जगत एवं नागरिक समाजबाट प्राप्त रचनात्मक सुझावलाई समेत ध्यान दिएको छु ।

६. आर्थिक वर्ष २०७६/७७ को बजेट विनियेजन गर्दा नेपाल सरकारको बजेट तथा कार्यक्रम, नेपाल राष्ट्र बैंकको मौद्रिक नीति र स्थानीय तहको बजेटसंग सामञ्जस्यता कायम हुनेगरी बजेट तर्जुमा गरेको छु ।

७. सिमित साधनस्रोतबाट सन्तुलित विकास बजेट निर्माण गर्नुपर्ने भएकोले उपलब्ध वित्तीय स्रोतलाई विनियोजन कुशलता मार्फत योजनाको प्राथमिकीकरण गरी स्रोतको व्यवस्थापन गरेको छु ।

८. आर्थिक वर्ष २०७६/०७७ को बजेट तर्जुमा गर्दा नेपालको संविधानले व्यवस्था गरे बमोजिम सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रदेश समृद्धिको संवाहकको रुपमा सहभागिता हुनेगरी तथा समाजवाद उन्मुख सिद्धान्तलाई मार्गदर्शनको रुपमा लिएको छु।

९. सन् २०२२ सम्म नेपाललाई अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति गर्ने र सन् २०३० सम्ममा दिगो आर्थिक विकासका लक्ष्यहरु हासिल गर्न सहयोग पुग्ने गरी आर्थिक वर्ष २०७६/०७७ को बजेट तथा कार्यक्रमको तर्जुमा गरेको छु ।

१०. कृषिमा आत्मनिर्भरता, आधुनिकीकरण तथा व्यावसायीकरण, उत्पादन र उत्पादकत्वको अभिबृदि, रोजगारीका अवसरको सृजना, उपलब्ध स्रोतसाधनको समुचित उपयोग, प्रदेशमा लगानीमैत्री वातावरण र सुशासनको प्रत्याभूति हुने गरी कार्यकमको तजुर्मा र बजेट विनियोजन गरेको छु ।

११.  महिला, बालबालिका, दलित, एकल महिला, राजी, राउटे, बादी, लोपोन्मुख जाति जनजाति, शहीद परिवार, अपाङ्ग, घाइते, अशक्त, ज्येष्ठ नागरिक, मुक्त कमैया, मुक्त हलिया, पिछडिएको क्षेत्र, थारू र सीमान्कृत वर्गको आर्थिक सामाजिक रूपान्तरणमा सहयोग पुग्ने गरी बजेट विनियोजन गरेको छु ।

**माननीय सभामुख महोदय,**

अब म प्रदेशको चालु आर्थिक वर्षको आर्थिक स्थितिको बारेमा संक्षिप्त जानकारी गराउने अनुमति चाहन्छु ।

१२. सुदूरपश्चिम प्रदेशमा ९ जिल्ला छन भने १ उपमहानगरपालिका, ३३ वटा नगरपालिका र ५४ वटा गाउँपालिका गरी जम्मा ८८ वटा स्थानीय तह र ७३४ वटा वडाहरु रहेका छन्। त्यसै गरी नेपालको कुल जनसंख्याको करिब १० प्रतिशत जनसंख्या यस प्रदेशमा समेटिएको छ।

१३. प्रदेशमा आर्थिक क्रियाकलापको विस्तारसंगै चालु आर्थिक वर्षका समष्टिगत आर्थिक परिसूचकहरु उत्साहप्रद रहेका छन् । चालु आर्थिक वर्षमा प्रदेशको कूल गार्हस्थ उत्पादन (आधार मूल्यमा) रु. २ खर्व ११ अर्व ८ करोड ७३ लाख र आर्थिक वृद्धिदर ६.२५ प्रतिशत एवं प्रतिव्यक्ति आय ६८५ अमेरिकी डलर अर्थात ७७ हजार ८ सय ११ रुपैंया रहेको छ । नेपालको कूल गार्हस्थ उत्पादनमा प्रदेशको गार्हस्थ उत्पादनको योगदान (आधार मूल्यमा) ७.२२ प्रतिशत रहेको छ।

१४. सुदूरपश्चिम प्रदेशमा आर्थिक वर्ष २०७४/०७५ मा निर्जीवन बीमा कम्पनीहरुले ८३ हजार १२५ बीमालेख जारी गरी रु ५६ करोड ९५ लाख बीमा शुल्क आर्जन गरेका थिए भने आ.व. २०७५/०७६ को वैशाख मसान्त सम्म ८४ हजार २९८ बीमालेख जारी गरी रु ४९ करोड ८४ लाख रुपैंया बीमा शुल्क आर्जन गरेको तथ्याङ्क रहेको छ ।

१५. जीवन बीमा कम्पनीहरुले सुदूरपश्चिम प्रदेशमा आ.व. २०७४/०७५ मा १ लाख २४ हजार ५११ बीमालेख जारी गरी रु २ अर्ब ३३ करोड १८ लाख रुपैंया बीमा शुल्क

आर्जन गरेका थिए भने आ.व. २०७५/०७६ मा १ लाख ०६ हजार ९४७ बीमालेख जारी गरी रु २ अर्ब ५९ करोड ६९ लाख रुपैंया बीमा शुल्क आर्जन गरेको छन् ।

१६. सुदूरपश्चिम प्रदेशमा आ.व. २०७४/०७५ मा ग्याँस सिलिण्डरको संख्या २ लाख ७३ हजार चार सय थियो भने आ.व. २०७५/०७६ वैशाख मसान्त सम्म २ लाख ६८ हजार ७ सय २८ रहेको छ ।त्यसै गरी पेट्रोल १७ हजार ६ सय ३५ किलो लिटर खपत भएकोमा १६ हजार ४ सय ८४ किलो लिटर, डिजल ७ हजार ५ सय १५ किलो लिटर भएकोमा ६६ हजार ४ सय किलो लिटर र खाना पकाउने ग्याँस ७ हजार ८ सय २८ मेट्रिक टन खपत भएकोमा ७ हजार ८ सय ८ मेट्रिक टन खपत चालू आर्थिक वर्षको दश महिनामा भएको छ ।

१७. आर्थिक वर्ष २०७४/७५मा पानमा दर्ता भएको दर्तावालाको संख्या ४५ हजार १ सय ८२ थियो भने २०७६ वैशाख मसान्त सम्म ५१ हजार ८ सय ६७ रहेको छ ।

१८. आर्थिक वर्ष २७४/०७५ मा सवारी दुर्घटनाको संख्या १६४ रहेकोमा २०७५/०७६ वैशाख मसान्त सम्म १९० पुगेको छ ।

१९. आर्थिक वर्ष २०७४/७५ मा कैलाली भन्सार कार्यालयबाट रु. १६ अर्ब ३८ करोड ६८ लाख ६० हजार रूपैयाको सामान आयात भई रू. ३ अर्ब ९७ करोड ३४ लाख ६६ हजार रूपैया राजस्व संकलन भएको थियो भने चालु आ.व.को ज्येष्ठ २७ गते सम्म रु १९ अर्ब ३६ करोड ९६ लाख ४२ हजार बराबरको सामान आयात भई रू. ४ अर्ब ७० करोड १९ लाख ४५ हजार रूपैया राजश्व संकलन भएको छ । त्यसै गरी आ.व. २०७४/०७५ मा कैलाली भन्सार कार्यालयबाट रु ६२ करोड ७३ लाख ८५ हजार नियार्त भई रू. ७ लाख १८ हजार रुपैंया राजश्व संकलन भएको छ भने आ.व. ७५/७६ को ज्येष्ठ २७ गते सम्म रू. ७१ करोड ३ लाख ५९ हजारको सामान निर्यात भई रू. १३ लाख ५७ हजार रुपैंया राजस्व संकलन भएको छ ।

२०. सुदूरपश्चिम प्रदेशमा २०७५ असार मसान्त सम्म ८८ वटा स्थानीय तह मध्ये ६३ वटा स्थानीय तहमा वाणिज्य बैंकका शाखा स्थापना भई संचालनमा रहेका थिए भने आजको मिति सम्म ८२ वटा स्थानीय तहमा वाणिज्य बैंकहरुका शाखा स्थापना भई संचालनमा रहेका छन् । बाँकी रहेका ६ वटा स्थानीय तहमा शाखा स्थापना गरी संचालन गर्न नेपाल राष्ट्र बैंकसँग आवश्यक समन्वय गरिने छ ।

२१. यस प्रदेशमा बैंक तथा वित्तीय संस्थामा २०७५ आषाढ मसान्त सम्म रु. ५२ अर्ब ४८ करोड रुपैंया निक्षेप रहेकोमा २०७५ पौष मसान्त सम्म रु. ५९ अर्ब ८३ करोड रुपैंया निक्षेप रहेको छ । त्यसै गरी २०७५ आषाढ मसान्त सम्म रु. ६४ अर्ब ११ करोड रुपैंया कर्जा प्रवाह भएको थियो भने २०७५ पौष मसान्त सम्म रु. ७९ अर्ब २२ करोड रुपैंया कर्जा प्रवाह भएको छ ।

२२. यस प्रदेशमा गरिवी निवारण अझै पनि विकासको प्रमुख चुनौतीको रुपमा रहेको छ । प्रदेशमा निरपेक्ष गरिवीको रेखामुनिको जनसंख्या ३३.९ प्रतिशत, जिनी गुणक ०.३३, बेरोजगारी दर ११.५ प्रतिशत र प्रदेशमा कूल जनसंख्या र रोजगारीको अनुपात २४.१ रहेको छ ।

२३. सुदूरपश्चिम प्रदेशमा विद्यालय वाहिर रहेका बालबालिकाको २०.६ प्रतिशत रहेको छ। पाँच बर्ष वा सो भन्दा माथिल्लो उमेरका ६२.८ प्रतिशत साक्षर रहेका छन् भने मुलकको साक्षरता औषत ६५.९ प्रतिशत रहेको छ। ७६.४ प्रतिशत पुरुष र ५१.९ प्रतिशत महिला साक्षर रहेका छन्।१५ देखि २४ बर्षसम्मका युवाको साक्षरता दर ८५ प्रतिशत रहेको छ।

२४. विद्यालयको संख्या ४ हजार ६९ रहेको छ भने उच्च शिक्षातर्फ स्नातक वा सो भन्दा माथिल्लो तहको शिक्षा प्रदान गर्ने शैक्षिक संरचनाहरुको संख्या १७८ रहेको छ।

२५. आर्थिक वर्ष २०७४।०७५ सम्मा सुदूरपश्चिम प्रदेशमा प्राथमिक स्वास्थ्य केन्द्रको संख्या १६ रहेको छ र स्वास्थ्य चौकीको संख्या ३७६ रहेको छ।

२६. बहु आयामिक गरिबीको दर यस प्रदेशमा ३३.६ प्रतिशत रहेको छ। नेपालको समग्र बहुआयमिक गरिबीको औषत दर २८.६ प्रतिशत रहेको छ। त्यस्तै गरी बहुआयामिक गरिबी सूचकाँकको राष्ट्रिय मान ०.१२७ छ भने सुदूपश्चिमको ०.१४६ मान रहेको छ।

२७. आय असमानता मापन गर्न प्रयोग गरिने जिनी गुणकको मान समग्रमा —(नेपालको) ०.३१ रहेको छ भने सुदूरपश्चिमको ०.३३ मान रहेको छ।आर्थिक वर्ष २०७४।०७५ मा नेपालको मानव विकास सूचकांक ०.४९० पुगेको छ भने सुदूरपश्चिमको ०.४३१ पुगेको छ।

२८. सुदूरपश्चिममा कृषि उपजको घरायसी उपयोग गर्ने ९८.७१ प्रतिशत रहेको छ भने १.२९ प्रतिशतले मात्र बेचविखन गर्ने गरेका छन्।कृषि उपज अपर्याप्त भएका कृषक परिवार सुदूरपश्चिममा ६५.८ प्रतिशत रहेका छन भने यस मध्ये ९ देखि १२ महिनासम्म खाद्यान्न अपर्याप्त हुने कृषक परिवार ८.० प्रतिशत रहेका छन्। आर्थिक वर्ष २०७४।०७५ मा सुदूपश्चिममा ७.७ मेट्रिक टन खाद्य न्यूनता रहेको छ।

२९. सुदूरपश्चिममा आर्थिक गणना २०७५ को प्रारम्भिक नतिजा अनुसार ६२ हजार ९ सय ७० आर्थिक प्रतिष्ठानको संख्या रहेको छ भने प्रतिष्ठानमा काम गर्ने पुरुषको संख्या १ लाख ३० हजार ८ सय ९ र महिलाको संख्या ८० हजार ७ सय ४६ गरी कुल २ लाख ११ हजार ५ सय ५५ रहेको छ। सुदूरपश्चिममा आर्थिक वर्ष २०७४।७५ मा दर्ता भएका उद्योगको संख्या १०७ रहेको छ।

३०. वित्तीय पहुँच प्रति शाखा जनसंख्या सुदूरपश्चिममा ११ हजार १ सय २४ रहेको छ भने समग्र नेपालको ६ हजार ८ सय ५८ रहेको छ।

३१. नेपालको जनसाँख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ अनुसार आफ्नो नाममा रहेको खाता प्रयोग गर्ने महिला ३३.७ प्रतिशत र पूरुष ३७.१ प्रतिशत रहेको छ।

३२. आर्थिक वर्ष २०७४।०७५ सम्मा सुदूरपश्चिममा ३८.५ मेगावाट जलविद्युत उत्पादन रहेको छ।

३३. आर्थिक वर्ष २०७५/७६ मा कूल सरकारी खर्च रु. २५ अर्व ६ करोड ५६ लाख १४ हजार अनुमान गरिएकोमा अनुदान र राजस्वमा रु. २ अर्व ४० करोड ३९ लाख ६३ हजार कमी भएको कारण संशोधित अनुमान रु. २२ अर्व ६६ करोड १६ लाख ५१ हजार हुन पुगेको छ ।उक्त संशोधित अनुमानको तुलनामा कूल रु. १८ अर्व २७ करोड ९१ लाख ४० हजार अर्थात ८०.६६ प्रतिशत खर्च हुने संशोधित अनुमान छ।

३४. आर्थिक वर्ष २०७५/७६ मा संघीय सरकारबाट राजस्व बाँडफाँडबाट रु. ६ अर्ब ७६ करोड ६५ लाख ७९ हजार राजस्व परिचालन हुने अनुमान गरिएकोमा ९.२६ प्रतिशतले न्यून भई रु. ६ अर्ब १३ करोड ९९ लाख ९४ हजार र आन्तरिक स्रोततर्फ रु. १ अर्ब २९ करोड ६५ लाख ८२ हजार परिचालन हुने अनुमान गरिएकोमा ४२.५३ प्रतिशतले न्यून भई रु. ७४ करोड ५१ लाख ७२ हजार गरी जम्मा रु. ६ अर्ब ८८ करोड ५१ लाख ६६ हजार राजस्व परिचालन हुने संशोधित अनुमान छ ।

३५. आर्थिक वर्ष २०७५/७६ मा संघीय सरकारबाट रु. २ अर्ब समपूरक अनुदान अनुमान गरिएकोमा रु. ८० करोड र विशेष अनुदानतर्फ २० करोड अनुमान गरिएकोमा ७८ करोड ७७ लाख ६५ हजार प्राप्त हुने संसोधित अनुमान रहेको छ ।

३६. आर्थिक वर्ष २०७५/७६ मा संघीय सरकारबाट सशर्त अनुदान वापत रु. ६ अर्ब ३२ करोड ७८ लाख अनुमान गरिएकोमा विभिन्न परियोजनामा रु.१ अर्व १७ करोड ३१ लाख ३९ हजार विनियोजित रकम संघमा फिर्ता भएको र विभिन्न मितिमा संघबाट रु. ७५ करोड ३१ लाख ६८ हजार प्राप्त भई सशर्त अनुदान तर्फ रु. ५ अर्व ९० करोड ७८ लाख २९ हजार अनुमानित स्रोत रहेको छ ।

**माननीय सभामुख महोदय,**

अब म प्रदेश वित्त व्यवस्था अनुसार स्थानीय तहमा भएको विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

३७. स्थानीय तहको खर्च आवश्यकता, मानव विकास सूचकांकको अवस्था, राजस्व क्षमता तथा स्थानीय तहहरु बीचमा रहेको आर्थिक, सामाजिक र अन्य असमानताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा निर्धारित सूत्र अनुसार स्थानीय तहलाई रु. ६२ करोड २१ लाख ७२ हजार समानीकरण अनुदान विनियोजनको प्रस्ताव गरेको छु ।

३८. राजस्व बाँडफाँडतर्फ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा निर्धारित सूत्र अनुसार स्थानीय तहको जनसंख्या, क्षेत्रफल, मानव विकास सूचकांक र न्यून विकास सूचकांकलाई आधार लिई रु. २३ करोड ५७ लाख ४० हजार प्रदेश विभाज्य कोषबाट स्थानीय संचित कोषमा प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र जम्मा गर्ने व्यवस्था मिलाएको छु ।

३९. स्थानीय तह आफैले पहिचान गरी आफ्नो क्षेत्रमा संचालन गर्ने पूर्वाधार विकासका आयोजनाहरुका लागि रु. १ अर्ब समपूरक अनुदान छुट्ट्याएको छु । स्थानीय तहबाट प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ ले निर्धारण गरेको आधार तथा प्रक्रिया बमोजिम माग भई आउने कार्यक्रममा प्रदेश सरकारबाट ४० प्रतिशत अनुदान उपलब्ध गराइनेछ । त्यसै गरी प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम स्थानीय तहलाई विशिष्ट प्रकृतिको कार्य गर्नको लागि विशेष अनुदान उपलब्ध गराउन रु. ५० करोड विनियोजन गरेको छु ।

४०. सरकारी, निजी, सहकारी र सामुदायिक क्षेत्रको सक्रिय उपस्थिति तथा सहकार्यबाट सामाजिक न्याय सहितको दिगो, फराकिलो र उच्च आर्थिक वृद्धि हासिल गर्न लगानी र उत्पादकत्व वृद्धि गर्दै सरकारी बजेट खर्चलाई थप प्रतिफलमुखी बनाउन र सरकारको पूँजीगत खर्च गर्ने क्षमता र गुणस्तर बढाउनेतर्फ आगामी आर्थिक वर्षको बजेट केन्द्रित रहने छ ।

**माननीय सभामुख महोदय,**

अब म आर्थिक वर्ष २०७६/७७ को बजेटका उद्देश्यहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

४१. आगामी आर्थिक वर्षको बजेटले देहायका मुलभूत उद्देश्यहरू लिएको छः

(क) आर्थिक सामाजिक रुपान्तरणको प्रक्रियालाई योजनावद्ध रुपमा अगाडि बढाउँदै सरकारी, निजी, सहकारी र सामुदायिक क्षेत्रको सशक्त परिचालनबाट दिगो, फराकिलो र उच्च आर्थिक वृद्धि हासिल गर्ने,

(ख) सुशासन, सामाजिक न्याय, रोजगारी सिर्जना र मौलिक हकको प्रभावकारी कार्यान्वयनबाट जनताको जीवनस्तरमा परिवर्तनको अनुभूति दिलाउने,

(ग) कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र बजारीकरणको माध्यमबाट कृषि क्षेत्रमा युवाको आकर्षणमा वृद्धि, उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, खाद्य सुरक्षाको प्रत्याभूति तथा कृषिमा आत्मनिर्भरता बढाउने,

(घ) आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधारको विकास तथा विस्तार गरी आर्थिक क्रियाकलाप तथा  अन्तर आवद्धतामा बढोत्तरी, मानवीय पूँजीको विकास, सार्वजनिक सेवा प्रवाहमा सुधार र प्रदेशभित्र लगानीको आकर्षण बढाउँदै समाजवाद उन्मुख सुदृढ राष्ट्रिय अर्थतन्त्र निर्माणमा प्रदेशको योगदान वृद्धि गर्ने ।

**माननीय सभामुख महोदय,**

४२. आगामी आर्थिक वर्षको बजेटको उद्देश्य परिपूर्तिको लागि देहाय अनुसार प्राथमिकता निर्धारण गरेको छु ।

(क) निरपेक्ष गरिवीको रेखामुनि रहेका नागरिकलाई तत्काल राहत पुग्ने गरी गरिवी न्यूनीकरण लक्षित कार्यक्रम संचालन,

(ख) स्थानीय स्रोत, सीप र साधनमा आधारित रोजगारी तथा स्वरोजगारी कार्यक्रम मार्फत आयआर्जन वृद्धि गर्ने क्रियाकलापहरुको विस्तार,

(ग) प्रादेशिक महत्वका सडक, पुल, सिँचाइ, विद्युतीकरण, अस्पताल एवं विद्यालय भवन र रङ्गशाला तथा खेल मैदान जस्ता भौतिक पूर्वाधार विकासका संरचनाको निर्माण र विस्तार,

(घ) शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई लगायतका सामाजिक विकासका पूर्वाधारको निर्माण र गुणस्तर सुधार,

(ङ) कृषि, उद्योग, पर्यटन लगायत आर्थिक पूर्वाधारको विकास,

(च) विधिको शासन, सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता र जवाफदेहिता एवं विकास प्रक्रियामा अर्थपूर्ण जनसहभागिता मार्फत जनतामा सकरात्मक परिवर्तनको अनुभूति हुने गरी सुशासन प्रवर्द्धन,

(छ) मानव विकास सूचकांकमा पछाडि परेका जिल्लाहरुमा आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार निर्माण तथा विस्तार,

(ज) संविधानको मार्गदर्शन र संघीय सरकारले लिएका राष्ट्रिय विकासका लक्ष्य र प्रादेशिक विकासका लक्ष्य बीच तादात्म्यता कायम गर्दै संघीय सरकार, स्थानीय तह, सहकारी क्षेत्र र निजी क्षेत्रबीच सहकार्यमा वृद्धि,

४३. आगामी आर्थिक वर्ष २०७६/७७ को क्षेत्रगत बजेट विनियोजन गर्दा नागरिकका मौलिक हकको कार्यान्वयनमा सहयोगी हुने, छिटो प्रतिफल प्राप्त गर्न सकिने, विकासको मूल प्रवाहबाट पछाडि परेका वर्ग, क्षेत्र र समुदायको उत्थान गर्ने र उत्पादक शक्तिको दिगो विकास मार्फत राष्ट्रिय पूँजी निर्माणमा सहयोगी हुने आयोजना तथा कार्यक्रमको विकास र कार्यान्वयनमा विशेष ध्यान पुर्‍याएको छु ।

**माननीय सभामुख महोदय,**

अब म **भूमी व्यवस्था, कृषि तथा सहकारी** क्षेत्रतर्फको क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

४४. यस प्रदेशको अर्थतन्त्रको आधारको रुपमा रहेको कृषि क्षेत्रलाई आधुनिकीकरण, विशिष्टीकरण र व्यावसायीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि मार्फत कृषक परिवारको आय आर्जनमा बढोत्तरी गरी समग्र राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य योगदान गर्न आगामी आर्थिक वर्षमा कृषि क्षेत्रको विनियोजित रकम शत प्रतिशत वृद्धि गरेको छु।

४५. यस प्रदेशमा रहेको कृषिको प्रचुर सम्भावनालाई उपयोग गरी अर्थतन्त्रको संरचनागत परिवर्तन तथा तीव्र उत्पादन र उत्पादकत्व वृद्धिको लागि स्थानीय तहहरु समेतको लागत साझेदारीमा **"नमूना कृषि गाउँ आफै बनाऊ"** अभियानका साथ प्रदेशले तयार गरेको मापदण्डको आधारमा ८८ वटै स्थानीय तहमा आगामी आर्थिक वर्षमा रु. ५० लाखको दरले प्रदेशको लगानी हुने गरी **मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम** संचालन गर्नको लागि रु. ४४ करोड रकम विनियोजन गरेको छु।

४६. अगुवा कृषकहरु र कृषि प्राविधिकहरुको क्षमता विकास गरी कृषिमा नवप्रवर्तन, व्यवसायिकता र आकर्षण वृद्धि गर्दै उत्पादन र उत्पादकत्व बढाउन कृषि व्यवसाय प्रर्वद्धन सहयोग तथा तालिम केन्द्र मार्फत यस प्रदेशका सबै निर्वाचन क्षेत्र समेटिने गरी ४५० जना अगुवा कृषकहरु र १०० जना कृषि प्राविधिकहरुलाई उपयुक्त तालिम प्रदान गरिनेछ । यसको लागि रु. १ करोड ४५ लाख ५० हजार विनियोजन गरेको छु ।

४७. महिलाहरुलाई कृषिमूलक आय आर्जनको क्रियाकलापमा संलग्न गराई आर्थिक रुपले सक्षम बनाउन एकल महिला तथा विपन्न महिलाहरुलाई लक्षित गरी माग तथा प्रस्तावनाका आधारमा महिला लक्षित आय आर्जन कार्यक्रम संचालन गरिनेछ। यसको लागि रु १ करोड रकम विनियोजन गरेको छु।

४८. माटोको उर्वराशक्ति सुधारको लागि माटो तथा मल परीक्षण प्रयोगशाला मार्फत प्रत्येक स्थानीय तहमा कार्यतालिका बनाई माटो परीक्षण सम्बन्धी घुम्ती शिविर संचालन गर्ने तथा उत्पादन पकेट क्षेत्रमा परीक्षण सेवा प्रदान गर्ने व्यवस्थाको लागि पर्याप्त बजेट विनियोजन गरेको छु।

४९. प्रदेश सरकार मातहत हाल संचालनमा रहेका माटो परीक्षण, वाली संरक्षण, र वीउ विजन प्रयोगशालाहरुलाई एकीकरण गरी श्रोत साधन, जनशक्ति र क्षमतायुक्त बनाई स्तरीय प्रयोगशाला केन्द्रको निर्माण गर्न आवश्यक देखिएकोले आगामी आर्थिक वर्षमा यसको लागि अध्ययन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

५०. यस प्रदेशमा कृषि उपजको शुद्धीकरणका लागि वैज्ञानिक परीक्षणको भरपर्दो व्यवस्था मिलाउन सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत स्थापना गर्ने गरी आधारभूत पशुपंक्षी रोग निदान प्रयोगशाला, आधारभुत दुध तथा दुग्ध पदार्थ गुणस्तर परीक्षण प्रयोगशाला, पशुपंक्षी दाना गुणस्तर परीक्षण प्रयोगशाला र विषादी परीक्षण प्रयोगशाला निर्माणको लागि मापदण्डमा आधारित भई पूँजीगत अनुदान उपलब्ध गराउन रु. १ करोड विनियोजन प्रस्ताव गरेको छु।

५१. खेतीयोग्य जमिनको चक्लावन्दी गरी व्यावसायिक एवं ठूलो पैमानको खेतीतर्फ प्रोत्साहन गर्न समूह, सहकारी तथा अगुवा कृषकहरुलाई चक्लाबन्दी गर्दा मापदण्डमा आधारित अनुदान दिने व्यवस्थाको लागि आवश्यक वजेट प्रस्ताव गरेको छु।

५२. कैलाली र कंचनपुर जिल्लामा टिस्यू कल्चर प्रविधियुक्त केरा बेर्ना, थोपा सिचाई, मलचिङ्ग आदिमा सहयोग गरी आर्थिक वर्ष २०७६\७७ मा ८० हेक्टर क्षेत्रफलमा केरा खेतीको विस्तार गरिनेछ जसको लागि रु २ करोड विनियोजन गरेको छु।

५३. यस प्रदेशका सबै जिल्लामा साना सिंचाई सहयोग कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।त्यसै गरी प्रदेशका सम्भाव्य स्थानहरुमा लिफ्ट सिंचाइ तथा सौर्य सिंचाइ कार्यक्रम सञ्चालन गर्न रु. १ करोड विनियोजन गरेको छु ।

५४. कृषिमा यान्त्रीकरण प्रवर्द्धनबाट कृषिलाई प्रतिष्ठायुक्त पेशाको रुपमा हेर्ने सामाजिक मनोविज्ञानको विकास गर्दै युवाहरुमा कृषि प्रतिको आकर्षण वृद्धि, उत्पादन लागतमा कमी र उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न कम्बाइन्ड हार्भेष्टर समेतका मेशिन उपकरणमा सहयोग गर्ने कार्यक्रमका लागि रु. ५ करोड विनियोजन प्रस्ताव गरेको छु ।त्यसै गरी कोल्ड च्याम्बर, कोल्ड स्टोरेज, राइपेनिङ चेम्बर र चिस्यान केन्द्र निर्माणमा सहयोग पुऱ्याउन रु. ३ करोड ७५ लाख विनियोजन प्रस्ताव गरेको छु ।

५५. पशुपंक्षीमा आकस्मिक रुपमा लाग्ने घातक रोग नियन्त्रण कार्यको लागि रु. ५० लाख विनियोजन गरेको छु । त्यसै गरी आगामी आर्थिक वर्ष भित्र कानून निर्माण गरी आकस्मिक रोग नियन्त्रण कोष स्थापना गर्न थप रु. ५० लाखको विनियोजन प्रस्ताव गरेको छु।

५६. खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व बढाउन धान, गहु र मकैको उन्नत बीउमा अनुदान प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिन रु. १ करोड १० लाख विनियोजन गरेको छु । कृषि सहकारी संस्था मार्फत बीउ प्रशोधन, भण्डारण तथा बजारीकरण पूर्वाधार निर्माण सहयोगको लागि रु. १ करोड ५० लाख विनियोजन गरेको छु ।

५७. पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई सवै जिल्लामा विस्तार गरी उच्च नश्लका पशुधन बढाउँदै दुग्धजन्य पदार्थमा आत्मनिर्भरतातर्फ उन्मुख गराउनको लागि रु. १ करोड बजेट विनियोजन प्रस्ताव गरेको छु। आगामी आर्थिक वर्षमा बाजुरा, अछाम र दार्चुला जिल्लामा कृत्रिम गर्भाधान सेवा सुरुवात गरिनेछ।

५८. सामुदायिक पशुको प्रभावकारी व्यवस्थापन गर्ने स्थानीय तहको कार्य जिम्मेवारीलाई प्रभावकारी बनाउन कैलाली र कञ्चनपुर जिल्लामा गौशाला निर्माण तथा सञ्चालन

समेतका कार्यमा स्थानीय तहसँग लागत साझेदारी गर्न रु. १ करोड विनियोजन गरेको छु ।

५९. आगामी आर्थिक वर्षमा स्थानीय तहको लागत साझेदारीमा कञ्चनपुर जिल्लामा भैंसी फार्म स्थापना र संचालन गरिनेछ ।यसको लागि रु. ४ करोड विनियोजन गरेको छु ।

६०. पशुपंछी र मत्स्यपालनमा उच्च प्रविधिको प्रयोग र विस्तार गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ ।यस कार्यक्रम अन्तर्गत डेरी उद्योग, मासु व्यवसाय, ह्याचरी फिड कम्पाउन्डिङ्ग मेशिन, पशुपंक्षी आहार तथा घाँस आदिमा अनुदान दिनका लागि रु ३ करोड विनियोजन गरेको छु ।

६१. प्रदेशमा पशुपंक्षी पालन विस्तार गर्न कैलालीको गोदावरीमा भैसी पालन, कैलाली, कन्चनपुर र अन्य चिसो पानी हुने संभाव्य जिल्लामा माछापालन, डडेलधुरा, कैलाली र कन्चनपुरमा कुखुरापालन, वझाङ्ग, बाजुरा, अछाम र दार्चुलामा च्याङ्गरा पालन, कैलाली, कन्चनपुर र वाजुरामा वंगुरपालन र सवै पहाडी जिल्लामा वाखा पालन कार्यक्रम संचालन गरिनेछ ।उक्त कार्यक्रमहरुको लागि कूल रु २ करोड १५ लाख विनियोजन गरेको छु।

६२. मुक्त कमैया, हलिया, एकल महिला, पिछडिएका तथा विपन्न वर्गलाई जिविकोपार्जनमा सहयोग पुग्ने गरी जिविकोपार्जनका लागि कृषि कार्यक्रम संचालन गर्न रु २ करोड विनियोजन गरेको छु।

६३. महिलालाई आयआर्जनमा संलग्न गराई आर्थिक क्षेत्रमा महिलाको संलग्नता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने महिलाद्वारा सञ्चालित सहकारीको भवन निर्माण गर्नको लागि रु. १ करोड पूँजीगत अनुदान र उत्पादन, प्रशोधन र बजारीकरण कार्यका लागि सहकारी संस्थालाई मागमा आधारित पूँजीगत अनुदान प्रदान गर्न रु. ५ करोड विनियोजन गरेको छु।

६४. नागरिकको सुरक्षित आवासको अधिकारमा टेवा पुग्ने गरी भूमीहीन तथा बाध्यतावस जोखिमयुक्त स्थानमा बसोबास गरिरहेका विपन्न तथा गरीव परिवारहरुको पहिचान गरी वसोवासको उचित व्यवस्थापन गर्न मुख्यमन्त्री एकीकृत वस्ती विकास कार्यक्रम अन्तर्गत रु ४ करोड विनियोजन गरेको छु।

६५. विपन्न तथा महिलाद्धारा संचालित रोजगारमूलक तथा आयमूलक सहकारी संथाहरुको सुदृढीकरणको लागि मापदन्ड वमोजिम वीउ पूँजी प्रदान गर्ने गरी आवश्यक रकम विनियोजन गरेको छु ।

६६. दुग्ध तथा कृषि उत्पादन र बजारीकरणमा सहकारीलाई सहयोग एवं प्रवर्धन गर्न यस प्रदेशका छानिएका १०० वटा कृषि सहकारी संस्थालाई ५० प्रतिशतको हिसावले प्रति सहकारी संस्था रु ५ लाखसम्म पुँजीगत अनुदान दिने गरी रु ५ करोड विनियोजन गरेको छु।

६७. खप्तड पर्यटकीय प्रवेश मार्गमा पर्ने बझांग र डोटी जिल्लाका दारुगाउ तथा झिग्रानामा र अछामको रामारोशनमा होमस्टे सहितको कृषि पर्यटन प्रवर्द्धनका लागि रु ८० लाख विनियोजन गरेको छु ।

**माननीय सभामुख महोदय,**

अब म **उद्योग, पर्यटन, वन तथा वातावरण** क्षेत्रतर्फको क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

६८. उद्योग क्षेत्रले समग्र प्रदेशको अर्थतन्त्रमा नेतृत्वदायी भूमीका प्रदान गर्न उद्योग व्यापारको स्थापना, रोजगारी सिर्जना र आर्थिक क्रियाकलापलाई तिव्रता दिन आवश्यक छ।यसको लागि औद्योगीक वातावरणको निर्माण गरी स्वदेशी तथा विदेशी लगानी आकर्षण गर्न जरुरी रहेको छ। प्रदेशको कृषि प्रणाली र स्थानीय स्रोत साधनलाई उद्योगसँग जोड्दै अर्थतन्त्रलाई आधुनिकीकरण गर्न प्रदेश सरकारले उद्योग क्षेत्रलाई विशेष जोड दिई कार्यक्रमहरु तय गरेको छ।

६९. घरेलु तथा साना उद्योगको विकासमा योगदान गर्न सक्ने सरकारी संरचना र साना उद्योगीहरु समेतलाई सवलीकरण गरी औद्योगिक वातावरण सिर्जना गर्न र निरन्तरता दिन एकीकृत कार्यक्रमहरु प्रस्ताव गरेको छु ।यस अन्तर्गत उद्योग प्रशासनमा सूचना प्रविधिको प्रयोग मार्फत उद्योग प्रशासन सुधार गर्ने, निष्क्रीय उद्यमीलाई सक्रीय वनाउने, प्रविधि हस्तान्तरण गर्ने, आवश्यक वित्तीय तथा प्राविधिक सहयोग प्रदान गर्ने कार्यको लागि कूल रु. २ करोड २५ लाख विनियोजन गरेको छु ।

७०. **"एक स्थानीय तह एक औद्योगिक उत्पादन"** सम्बन्धी कार्यक्रमलाई प्राथमिकतामा राखी प्रदेशको अर्थतन्त्रमा नेतृत्वदायी भूमीका प्रदान गर्न उद्योग व्यापारको स्थापना, रोजगारी सिर्जना र आर्थिक क्रियाकलापलाई तिव्रता दिन एक निर्वाचन क्षेत्रमा २ नवीन उद्योग संचालन गर्न रु. ३ करोड २० लाख विनियोजन गरेको छु ।

७१. परम्परागत सीप तथा प्रविधि र स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्योग सबै स्थानीय तहमा संचालन गर्न रु. ७ करोड विनियोजन गरेको छु ।

७२. प्रदेश भित्रका स्थानीय स्रोत, साधन, कच्चा पदार्थ र सीपमा आधारित अल्लो, लोक्ता, चिउरी, बाँस, वेतबाँस, निगालो, अम्रीसो, ऊन, दुना टपरी, वेलको जुस, अमला समेतका वस्तुको प्रवर्धन, ब्रान्डिङ्ग र व्यवशायीकरण गर्न सहयोग पुर्याउने गरी आवश्यक रकम विनियोजन गरेको छु ।

७३. प्रदेशका ८८ वटै स्थानीय तहमा उचित मूल्यमा आधारभूत आवश्यकताका वस्तुहरुको सहज आपूर्ति गर्न संचालित सुपथ मूल्य पसल कार्यक्रमलाई निरन्तरता दिएको छु । चालु आर्थिक वर्षमा सो कार्यक्रमको लागि रु. ७ करोड ९२ लाख विनियोजन गरेको छु ।

७४. प्रदेशका दुर्गम, पिछडिएका, अति कम विकसित क्षेत्रमा आधारभूत आवश्यकताको वस्तुको रुपमा रहेको आयोडिनयुक्त नून सर्वसुलभ एवं सुपथ मूल्यमा वितरण र कृषिको न्यूनतम समर्थन मूल्य निर्धारण गरी आवश्यकता अनुसार खाद्यान्न खरिद तथा सुपथ मूल्यमा वितरणबाट प्रदेश भित्र खाद्य सुरक्षालाई भरपर्दो एवं प्रभावकारी बनाउन प्रदेश खाद्य नून डिपो स्थापना र संचालनको लागि रु. ३ करोड विनियोजन गरेको छु ।

७५. डोटी, बाजुरा र कञ्चनपुरमा हाइटेक नर्सरी स्थापना तथा सञ्चालन गर्नको लागि कूल रु. १ करोड २० लाख विनियोजन गरेको छु ।

७६. प्रदेशका ९ वटै जिल्लाको नदी किनार संरक्षण, सिमसार क्षेत्रको संरक्षण, पानी मुहान संरक्षण, गल्छी पहिरो नियन्त्रण, चुरे क्षेत्रको संरक्षण तथा संरक्षण पोखरी निर्माण गरी भूक्षय नियन्त्रण तथा स्रोत संरक्षण गर्नको लागि कूल रु ११ करोड ४९ लाख रकम विनियोजन गरेको छु ।

७७. सार्वजनिक निजि साझेदारीमा जडिबुटी विकास तथा प्रशोधन कम्पनि स्थापना र संचालन गर्नको लागि रु. १० करोड विनियोजन गरेको छु ।

७८. चालू आर्थिक वर्षमा संचालनमा रहेको परियोजना प्रस्ताव तथा मागमा आधारित प्रत्येक स्थानीय तहका एक जना लघु तथा साना उद्यमीलाई रु १० लाख अनुदान दिने कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिएको छु ।यसको लागि रु ७ करोड ४ लाख विनियोजन गरेको छु ।

७९. खप्तड क्षेत्रको समग्र पर्यटन विकासको लागि खप्तड पर्यटन विकास समिति गठन भैसकेको छ, रामारोशन क्षेत्रको पर्यटन विकासको लागि रामारोशन पर्यटन विकास समिति चालु आर्थिक वर्षमा गठन गरी कार्य प्रारम्भ गरिनेछ ।अगामी आर्थिक वर्षमा सो समितिहरुको व्यवस्थापन गर्न खप्तड पर्यटन विकास समितिको संचालन तथा व्यवस्थापन खर्चको लागि रु ५० लाख र खप्तड एकीकृत पर्यटन विकास कार्यक्रमको लागि रु ३ करोड रकम विनियोजन प्रस्ताव गरेकोछु।त्यसैगरि रामारोशन पर्यटन विकास समितिको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

८०. यस प्रदेशमा व्यापक पर्यटकीय संभावना भएका क्षेत्रहरुलाई एक आपसममा जोडी पर्यटकीय करिडोर निर्माणको अवधारणा अगाडि वढाइनेछ ।यस अवधारणा अन्तर्गत खक्रौला टीकापुर कर्णाली पर्यटन करिडोर, महाकाली हुंदै दार्चुला- महाकाली नदी करिडोर, धनगढी वुडर वझाङ्ग कैलाश मानसरोवर करिडोर, खुटिया विपिनगर तेल्लेक दिपायल साँफे रामारोशन वडीमालिका करिडोर र झुलाघाट खोड्पे वझाङ्ग करिडोर प्रत्येकको लागि रु २ करोड ७० लाख ५७ हजारको दरले कूल रु १३ करोड ५२ लाख ८५ हजार विनियोजन गरेको छु ।

८१. परम्परागत मूल्य मान्यता, धर्म, संस्कृति, मठ मन्दिरको उचित संरक्षण गर्दै सोको माध्यमबाट पर्यटन विकास गरी यस क्षेत्रको रोजगारी र आय आर्जन वृद्धि गर्न धार्मिक तथा पर्यटन विकास कार्यक्रम संचालन गरिनेछ । जसका लागि रु. ५ करोड विनियोजन गरेको छु ।

**माननीय सभामुख महोदय,**

अब म **आन्तरिक मामिला तथा कानून** क्षेत्रतर्फको क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

८२. विपद्पूर्व सम्भावित जोखिमको नक्सांकन गर्ने कार्य सम्पन्न गरिनेछ र विपदको समयमा नागरिकको जीउधन र सम्पत्तिको हकको प्रत्याभूतिका लागि विपद सामग्रीको भण्डारण गर्न

पहाडी जिल्ला र तराईमा एक एक वटा वायर हाउस निर्माण गरिनेछ । विपद सामग्री खरिद गर्न र वायर हाउस निर्माणका लागि रु. ४ करोड विनियोजन गरेको छु ।

८३. स्थानीय तहको न्यायिक समितिको न्याय सम्पादनमा क्षमता अभिवृद्धि गर्न तालिमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

८४. शहरी क्षेत्रको सुरक्षालाई दृष्टिगत गरी स्थानीय तहसंगको समन्वयमा उच्च जनघनत्व र रणनीतिक महत्वका स्थानमा सी.सी. क्यामरा जडान गर्दै जाने नीति अवलम्बन गरिनेछ। आगामी आर्थिक वर्ष २०७६/७७ मा कैलालीको धनगढी र कंचनपुरको महेन्द्रनगरमा उक्त कार्य गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

८५. इन्टरनेट तथा सूचना प्रविधिको विस्तारसंगै समाजमा बढ्दै गएको सूचना प्रविध र सामाजिक संजालको दुरुपयोग नियन्त्रण तथा यस सम्बन्धी कानूनी तथा प्राविधिक विषयमा लक्षित वर्गलाई सुसूचित गर्ने उद्देश्यका साथ प्रदेशभर व्यापक रुपमा सचेतना कार्यक्रम संचालन गरिनेछ ।

८६. निकट भविष्यमा गठन तथा संचालन हुने प्रदेश प्रहरीको लागि अत्यावश्यक भौतिक पूर्वाधारको अवस्था र सोको व्यवस्थापनको लागि आगामी आर्थिक वर्ष अध्ययन गरिनेछ । सोका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

८७. संबिधानले प्रत्याभूत गरेको नागरिकको सुसूचित हुने अधिकारको प्रभावकारी कार्यान्वयनमा सहयोग पुर्याउन सुदूरपश्चिम प्रदेशमा क्रियाशील पत्रकारको क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्नुका साथै मापदण्डमा आधारित भई आगामी आर्थिक वर्षको लागि रु. ५ लाख सम्मको दुर्घटना बीमा गरिनेछ ।

अब म **सामाजिक विकास** क्षेत्रतर्फको क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

८८. **"सानै छु म बढ्न देऊ, बालविवाह होइन पढ्न देऊ"** भन्ने नाराका साथ बालविवाह अन्त्य गर्न प्रदेश सांसद, स्थानीय तहका पदाधिकारी, सामाजिक संघ संस्था, आमा समूह, बाल क्लब समेतको संलग्नतामा अभियान संचालन गरिनेछ। आगामी आ.व. २०७६/७७ मा नमूनाको रुपमा बाजुरा र दार्चुला जिल्लाबाट सो अभियान संचालन गरिनेछ । यस अभियानको लागि पर्याप्त रकम विनियोजन गरेको छु ।

८९. प्रत्येक निर्वाचन क्षेत्रमा १ खेल मैदान बनाउने प्रदेश सरकारको नीति अनुरुप चालु आर्थिक वर्षमा निर्माणाधीन ३२ वटै खेलकुद मैदान आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने गरी रु. १० लाखको दरले रु. ३ करोड २० लाख विनियोजन गरेको छु ।

९०. यस प्रदेशका युवाहरुको खेल प्रतिको बढ्दो अभिरुचि र कमजोर खेलकूद पूर्वाधारलाई दृष्टिगत गरी कैलालीको धनगढी र कंचनपुरको महेन्द्रनगरमा निर्माणाधीन रंगशालाको थप पूर्वाधार विकास गर्न रु. १ करोड २० लाख विनियोजन गरेको छु ।

९१. यस प्रदेशको खेलकुद क्षेत्रको समग्र विकासका लागि प्रदेश गौरवको योजनाको रुपमा अगाडि सारिएको फाप्ला क्रिकेट मैदानलाई अन्तर्राष्ट्रिय स्तरको बहुउद्देश्यीय खेलकुद केन्द्र (स्पोर्टस सेन्टर) को रुपमा विकास गर्न विस्तृत परियोजना प्रतिवेदन तयारीको लागि रु. १ करोड विनियोजन प्रस्ताव गरेको छु।

९२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पदक प्राप्त गरी खेलबाट सन्यास लिएका प्रदेश भित्रका खेलाडीहरुको न्यूनतम रुपमा जीविकोपार्जनको व्यवस्था गर्न **"निवृत खेलाडी कल्याणकारी कोष"** को व्यवस्थाका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९३. प्रदेशमा निर्माण हुने सार्वजनिक पूर्वाधारहरु बालमैत्री एवं अपाङ्गमैत्री बनाउने नीति अवलम्बन गरिनेछ।

९४. प्रदेशको मानव विकास सूचकांकमा सुधारको लागि उल्लेख्य योगदान प्राप्तिको उद्देश्यले विद्यालय शिक्षाको गुणस्तर वृद्धिको लागि आवश्यक भौतिक पूर्वाधार विकास गर्न सबै ३२ वटै निर्वाचन क्षेत्रमा कम्तीमा दुईवटाका दरले सामुदायिक विद्यालयको लागि २ कोठे पक्की भवन निर्माणमा रु. १२ करोड ८० लाख, ६४ वटा चार कोठे पक्की भवन निर्माणको लागि रु. २५ करोड ६० लाख, प्राविधिक धारका विद्यालयमा नयाँ तथा क्रमागत छात्राबास निर्माणको लागि रु. १३ करोड ६५ लाख गरी विद्यालयको भौतिक पूर्वाधार विकासतर्फ जम्मा रु. ५२ करोड ५ लाख विनियोजन गरेको छु।

९५. उच्च शिक्षा तर्फ १२ वटा क्याम्पसको लागि फर्निचर सहित कक्षाकोठा निर्माणको लागि जम्मा रु. १२ करोड ८० लाख विनियोजन गरेको छु।

९६. अनाथ, असहाय बालबालिकाहरुको जीवनयापन र शिक्षा प्राप्तिमा प्रदेश सरकारले दायित्व निर्वाह गरी उनीहरुको विद्यालय शिक्षामा पहुँच वृद्धि गर्न सबै जिल्लामा आवासीय सुविधा

सहितको छात्रावास निर्माणको कार्य सुरु गरिनेछ । छात्रावासमा रही निशुल्क अध्ययनको व्यवस्था मिलाउन रु. १ करोड ८० लाख विनियोजन प्रस्ताव गरेको छु ।

९७. प्रदेशका अनाथ असहाय वालवालिकाको शैक्षिक पहुँच वढाउनका लागि प्रत्येक जिल्लामा रु ७५ लाखका दरले कूल रु. ६ करोड ७५ लाख विनियोजन गरेको छु ।

९८. आगामी दिनमा सामाजिक सुरक्षा र संरक्षण कार्यक्रमहरु विस्तार गर्नको लागि प्रदेशमा रहेका एकल महिला, ज्येष्ठ नागरिक, असहाय वालवालिका, अपाङ्गता भएका व्यक्तिहरु, मानव वेचविखनमा परेका व्यक्तिहरु, लैगिक हिंसामा परेका व्यक्तिहरु तथा असहायहरुको स्थानीय तहवाट सूचना संकलन गरी अद्यावधिक गरिंदै लगिनेछ ।

९९. साविकमा महिला विकास कार्यालयबाट संचालित महिला सहकारी भवनलाई स्थानीय तहसंगको सहकार्यमा सामुदायिक सिकाई केन्द्रमा रुपान्तरण गरी अन्तरपूस्ता ज्ञान सीप हस्तान्तरण, आर्थिक सशक्तीकरण र क्षमता विकासको प्रक्रिया नौ वटै जिल्लाबाट शुरुवात गर्ने गरी आवश्यक बजेट विनियोजन गरेको छु ।

१००. सामाजिक कुरीति विरुद्ध प्रदेशको अभियानमा सहयोग पुर्याउन सामाजिक कार्यमा ख्यातिप्राप्त व्यक्तिलाई अवैतनिक प्रदेश सद्भावना दूतको रुपमा नियुक्ति गर्ने कार्यको सुरुवात गरिनेछ। लैंगिक सरोकार एवं सामाजिक कुरीति विरुद्ध स्वयंसेवी सामाजिक अभियन्ता परिचालन कार्यक्रम बाजुरा, बझांग, दार्चुला र अछाम जिल्लाबाट नमुनाको रुपमा शुरुवात गरिनेछ । जसका लागि आवश्यक बजेट विनियोजन गरको छु ।

१०१. आर्थिक र सामाजिक रुपमा पछि परेका विपन्न, एकल महिला, बादी, दलित, आदिवासी, अदिवासी जनजाती, थारु, मुस्लिम, अपांग, कमलरी, द्वन्द्व-पीडित र शहिद परिवारका महिलाहरुलाई क्षमता विकास, रोजगारी र आय आर्जन मार्फत विकासको मूल प्रवाहमा समाहित गर्न तथा अर्थतन्त्रमा महिलाको उल्लेख्य योगदान बढाउन हाल संचालन हुँदै आएको महिला सशक्तीकरण कार्यक्रमलाई निरन्तरता दिएको छु । सो कार्यक्रम मार्फत दलित, लोपोन्मुख, अल्पसंख्यक र अती विपन्न महिलालाई यस वर्षदेखि गार्मेन्ट तालिम प्रदान गर्ने व्यवस्था समेत मिलाएको छु । उपरोक्त दुवै कार्यक्रमको लागि रु. २ करोड ३० लाख विनियोजन प्रस्ताव गरेको छु ।

१०२. लोकतान्त्रीक आन्दोलनका घाइते, बेपत्ता परिवार, शहीद परिवार र द्वन्द्व पीडित परिवारका वालवालिका, माध्यमिक तहमा स्थानीयस्तरमा सर्वोत्कृष्ट नतिजा हासिल गर्ने छात्राहरु र

माध्यमिक तहमा स्थानीय तहमा सर्वोत्कृष्ट नतिजा हासिल गर्ने दलित, जनजाती, राउटे लगायत अल्पसख्यक, लोपोन्मुख र सीमान्तकृत समुदायका विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनका लागि दिदै आएको छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिएको छु। गरिव, विपन्न, जेहेन्दार विद्यार्थीलाई चिकित्साशास्त्र अध्ययन गर्न र निजामती कर्मचारी सन्ततिलाई उच्च शिक्षा हासिल गर्न छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाएको छु ।जसका लागि रु. ३ करोड विनियोजन गरेको छु ।

१०३. प्राविधिक शिक्षामा यस प्रदेशका गरिव, विपन्न र जेहेन्दार विद्यार्थीको पहुँच वृद्धि गरी मध्यम स्तरीय प्राविधिक जनशक्ति उत्पादन गरी विकासको कार्यमा परिचालन गर्न प्रत्येक स्थानीय तहका एक एक जनाको दरले १८ महिने प्राविधिक विद्यालय शिक्षा (टि.एस.इ.इ) र ३ वर्षे प्राविधिक डिप्लोमा अध्ययनको लागि छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाएको छु, जसबाट हरेक स्थानीय तहबाट २ जनाको दरले जम्मा १ सय ७६ जना प्रविधिक जनशक्ति तयार हुनेछ । यसको लागि रु. १ करोड ७६ लाख विनियोजन प्रस्ताव गरेको छु ।

१०४. प्रदेश सरकारले प्रदान गर्ने सेवा र विकासका कार्यहरुलाई क्रमशः विद्युतीय सुशासन प्रणालीमा आवद्ध गर्दै लैजाने गरी डाटाबेस निर्माण, सफ्टवेयर विकास, सुदूरपश्चिम प्रदेश सरकारको पोर्टल निर्माण, सूचना प्रविधि सम्बन्धी तालिम लगायतका क्रियाकलापलाई अगाडी बढाउन प्रदेश सूचना प्रविधि केन्द्रको अध्ययन गरी आगामी आर्थिक वर्ष २०७६/७७ मा कार्यान्वयनमा लगिने छ । जसका लागि आवस्यक रकम विनियोजन गरेको छु ।

१०५. उच्च शिक्षा, विद्यालय शिक्षा र विशेष शिक्षाको लागि विज्ञको संलग्नतामा एक कार्यदल गठन गरी गर्न प्राप्त सुझाव समेतको आधारमा प्रादेशिक नीति, कानून र मापदण्ड तयार गरी लागु गरिनेछ ।जसका लागि रु. १ करोड विनियोजन प्रस्ताव गरेको छु ।

१०६. आधारभूत विद्यालय तहदेखि परापूर्वकालबाट मूल्यमान्यताको रुपमा चलि आएको रहनसहन, भेषभूषा, भाषा, संस्कृति र कला संरक्षण गरी नयाँपुस्तामा मौलिक संस्कृतिको पुस्तान्तरण गर्न हरेक जिल्लाका ५ वटाका दरले जम्मा ४५ वटा सामुदायिक विद्यालयमा लघु संग्रहालय स्थापना गरिनेछ । जसका लागि आवश्यक बजेट प्रस्ताव गरेको छु ।

१०७. सामुदायिक तथा सरकारी क्याम्पसहरुले वित्तीय तथा भौतिक स्रोत साधनको कमीको कारण गुणस्तरीय उच्च शिक्षा दिन कठिनाइ परेको विद्यमान अवस्थाको अन्त्य गर्न क्याम्पसहरु एकआपसमा गाभ्नको लागि प्रोत्साहन अनुदान दिने नीतिलाई आगामी आर्थिक वर्ष २०७६/७७ देखि कार्यान्वयनमा ल्याइनेछ ।९ वटै जिल्लामा एक-एक वटा क्याम्पसलाई नमुना क्याम्पसमा स्तरोन्नति गर्नको लागि आवश्यक पुँजीगत सहायता प्रदान गरिनेछ। यी दुवै क्रियाकलापका लागि रु. १ करोड ५५ लाख विनियोजन प्रस्ताव गरेको छु ।

१०८. गणित, विज्ञान र अंग्रेजी विषयका शिक्षक अभाव भएका ग्रामीण क्षेत्रका विद्यालयहरुमा उक्त विषयहरु अध्यापनमा सहयोग पुर्‍याउन प्रदेशमा स्नातक तथा स्नातकोत्तर अध्ययन गरेका विद्यार्थीहरुलाई स्वयंसेवकको रुपमा निर्वाहभत्ता दिई परिचालन गरिनेछ। प्रदेश विकास र स्वरोजगारीलाई टेवा पुग्ने गरी **"मुख्यमन्त्री प्रदेश स्वयंसेवक परिचालन कार्यक्रम"** संचालन गरिनेछ जसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१०९. सामुदायिक विद्यालयमा कार्यरत ३५८० जना विद्यालय सहयोगीलाई निजहरुको काममा प्रोत्साहन गर्नको लागि वार्षिक रु. १० हजारको दरले जम्मा रु. ३ करोड ५८ लाख विनियोजन गरेको छु।

११०. प्रदेश विश्वविद्यालय र प्रदेश पोलिटेक्निक इन्स्टिच्यूट स्थापनाको कार्यलाई अगाडि वढाउनको लागि रु २ करोड विनियोजन गरेको छु।

१११. आधारभूत सीपमूलक तालिम प्रदान गरी यूवाहरुलाई स्वरोजगार वनाउन सीप विकास तालिम केन्द्र मार्फत ९ वटै जिल्लाका कूल २ हजार यूवाहरुलाई स्वरोजगार तथा तालिमयुक्त वनाइनेछ ।यस कार्यक्रमको लागि कूल रु ३ करोड १२ लाख २० हजार विनियोजन गरेको छु ।

११२. स्वास्थ्य सेवाको सुदृढीकरण मार्फत आधुनिक स्वास्थ्य सेवामा पहुँच स्थापित गर्न सेती अन्चल अस्पतालमा सुविधा सम्पन्न सी.टि. स्क्यान मेसिन खरिद गरी सेवा प्रवाहलाई थप व्यवस्थित गरिनेछ । जसका लागि रु. ८ करोड ५० लाख विनियोजन गरेको छु ।

११३. यस प्रदेशमा सुविधा सम्पन्न, व्यवस्थित र प्रभावकारी प्रसुती सेवा उपलब्ध गराउन चालु आर्थिक वर्षमा सुरु गरेको वर्थिङ्ग सेन्टर स्थापना गर्ने कार्य ६६ वटा स्थानीय तहमा

सुरुवात भएकोमा आगामी वर्ष ३२ वटा थप गरी सबै स्थानीय तहमा पुऱ्याइनेछ सोका लागि ५ करोड ५० लाख विनियोजन गरेको छु ।

११४. मौलिक हकको रुपमा रहेको स्वास्थ्य सम्बन्धी हकको कार्यान्वयन गर्न सामुदायिक स्वास्थ्यलाई थप प्रभावकारी बनाउंदै जनताको सामिप्यतामा स्वास्थ्य सेवा उपलब्ध गराउन सहरी स्वास्थ्य केन्द्र भवन निर्माणको लागि रु.२ करोड ४० लाख विनियोजन गरेको छु।

११५. स्थानीय तहबाट प्रदान गरिने स्वास्थ्य सेवालाई प्रभावकारी र विश्वसनीय तुल्याउन स्थानीय तह अन्तर्गत रहेका मालाखेती, गोकुलेश्वर, श्रीपुर बेलौरी र जोगबुडा अस्पताल र आधारभूत स्वास्थ्य सेवा सुदृढीकरणको लागि सबै स्थानीय तहका स्वास्थ्य संस्थालाई अनुदान स्वरूप रु. ५ करोड २० लाख विनियोजन प्रस्ताव गरेको छु ।

११६. महाकाली अंचल अस्पतालमा अक्सिजन प्लान्टको स्थापना, सघन उपचार कक्ष (आई.सी.यू) संचालन, खानेपानी प्रणालीको स्थापना र मिनी अपरेसन सुविधायुक्त एम्बुलेन्स सेवा संचालन गरी स्वास्थ्य सेवा सुदृढीकरण गरिनेछ जसका लागि रु. ४ करोड १० लाख विनियोजन प्रस्ताव गरेको छु ।त्यसै गरी सेती, महाकाली र टिकापुर अस्पतालको स्वास्थ्य सेवा सुदृढीकरणको लागि थप रु. ५ करोड २७ लाख र सवै जिल्लाका जिल्ला अस्पतालको सेवा सुदृढीकरणको लागि रु. १२ करोड गरी स्वास्थ्य सेवा सुदृढीकरण तर्फ रु. १७ करोड २७ लाख विनियोजन गरेको छु।

११७. विशेषज्ञ चिकित्सा सेवामा संलग्न चिकित्सकलाई दिगो तथा धान्न सकिने खालको थप प्रोत्साहन उपलब्ध गराउन विज्ञ सहितको कार्यदलबाट अध्ययन गराई प्राप्त सुझाव समेतको आधारमा कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गरिनेछ ।

११८. नागरिकको सेवामा अहोरात्र खटिने यस प्रदेशका सम्पूर्ण महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आगामी आर्थिक वर्ष २०७६/०७७ मा निशुल्क स्वास्थ्य बीमाको संजालमा ल्याइनेछ, जसका लागि रु. १ करोड ९९ लाख विनियोजन गरेको छु ।

११९. यस प्रदेशमा रहेको जडीबुटीको प्रचुर सम्भावना र उपयोग बीचको खाडललाई पूर्ति गरी आम जनमानसमा आयुर्वेद स्वास्थ्यप्रति सकारात्मक भाव पैदा गर्न आगामी आर्थिक वर्षमा **प्रथम राष्ट्रिय आयुर्वेद सम्मेलन** आयोजना गरिनेछ ।

१२०. मौलिक प्रणालीको रुपमा रहेको आयुर्वेद चिकित्सा पद्धतिलाई योग, ध्यान, जीवनशैली परामर्श, पूर्वकर्म, पञ्चकर्मको माध्यमबाट आम जनताबीच लैजान सुदूरपश्चिम आरोग्य कार्यक्रम संचालन गरिनेछ ।जसका लागि यथेष्ट बजेट विनियोजन गरेको छु ।

१२१. थारु जातिमा आनुवांशिक रुपमा पाइने सिकलसेल एनिमिया र थालासेमियाको प्रभाव न्यूनीकरण गर्नका लागि आवश्यक जनचेतना अभिवृद्धि गर्नुका साथै सोबाट प्रभावित कैलाली र कंचनपुर जिल्लामा रहेका प्रदेश सरकारका सबै सरकारी अस्पतालबाट निःशुल्क रक्त परीक्षण, रोकथाम र औषधि वितरणको व्यवस्था मिलाएको छु ।

१२२. स्वास्थ्य क्षेत्रमा कार्यरत जनशक्तिको ज्ञान, सीप र व्यवहारजन्य क्षमता अभिवृद्धि गरी नागरिकले प्राप्त गर्ने स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न प्रसुती सेवा, रुरल अल्ट्रासाउण्ड, खोप सम्बन्धी तालिम, एम.एल.पी तालिम, मिस्प तालिम समेतका विभिन्न तालिम सञ्चालन गरी गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने सबै जनताको अधिकारमाथि पहुँच वृद्धि गरिनेछ ।

१२३. मुख्यमन्त्री ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रमको निरन्तरताको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१२४. आधारभूत स्वास्थ्य सेवा सुदृढीकरणको लागि ८८ वटै स्थानीय तहहरुलाई रु. ५ लाखको दरले अनुदान दिने व्यवस्था मिलाएको छु जसका लागि कूल रु. ४ करोड ४० लाख विनियोजन गरेको छु ।

१२५. जटिल प्रसुती सेवामा हवाई एम्वुलेन्स मार्फत उद्धार गरी जीवन रक्षा गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१२६. लागू औषध रोकथाम र पुनर्स्थापना कार्यक्रम संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

**माननीय सभामुख महोदय,**

अब म **भौतिक पूर्वाधार विकास** क्षेत्रतर्फको क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१२७. प्रदेश सरकारबाट ३ मेघावाट भन्दा बढी क्षमताका ४ वटा विद्युत आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्य चालु आर्थिक वर्षमा सम्पन्न गरिनेछ । विस्तृत

परियोजना प्रतिवेदनको आधारमा उपयुक्त आयोजना छनौट गरी आगामी आर्थिक वर्षमा निर्माण कार्य प्रारम्भ गरिनेछ । जसका लागि रु. ५ करोड विनियोजन गरेको छु ।त्यसै गरी सम्भाव्यता अध्ययनको आधारमा सार्वजनिक निजी साझेदारीमा मझौला स्तरको प्रदेश गौरवको जलविद्युत आयोजना निर्माण गर्नको लागि थप रु. १० करोड विनियोजन प्रस्ताव गरेको छु ।

१२८. सुदूरपश्चिम प्रदेशवासीलाई अध्यारोबाट उज्यालोतर्फ लैजान वैकल्पिक ऊर्जातर्फ सोलार प्रणालीको समेत उपयोग गरिनेछ । जसका लागि रु. २ करोड विनियोजन गरेको छु ।

१२९. चौधर र जोगबुडा नदी कन्चनपुर, कान्द्रा नदी कैलाली र रंगुन नदी डडेलधुरामा नदीजन्य प्रकोप न्यूनीकरण तथा व्यवस्थापनको लागि उपयुक्त प्रविधिको प्रयोग गरी नदी नियन्त्रण कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइने छ । यस कार्यका लागि रु. २८ करोड विनियोजन गरेको छु ।

१३०. सिंचाई प्रणालीको विस्तार गरी खेतीयोग्य भूमिको उत्पादकत्व वृद्धि गर्न ९ वटै जिल्लामा कम्तीमा एक-एक वटा नमुना लिफ्ट सिंचाई प्रणाली विकास गरिनेछ । जसका लागि रु. १० करोड विनियोजन गरेको छु ।

१३१. प्रदेश यातायात सेवा संचालन गरी प्रदेशवासीलाई सुरक्षित, भरपर्दो र आरामदायी यातायात सेवा उपलब्ध गराउने उपयुक्त प्रणालीको सम्बन्धमा भइरहेको अध्ययन चालु आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ । आगामी आर्थिक वर्ष २०७६/७७ मा प्रदेश यातायात प्राधिकरण गठन गरी प्रदेश यातायात सेवा संचालन प्रारम्भ गरी क्रमशः सेवा विस्तार गर्दै लगिनेछ । जसका लागि रु १३ करोड विनियोजन गरेको छु ।

१३२. खानेपानीको सुविधाबाट बन्चित रहेका प्रदेशवासीलाई सफा स्वच्छ खानेपानी सेवा उपलब्ध गराउन खानेपानी संरचनाको निर्माणको ९ वटै जिल्लामा रु. ७९ करोड २० लाख विनियोजन प्रस्ताव गरेको छु ।

१३३. सिंचाई सुविधाको अभावको कारण भूमिको उर्वरा शक्ति एवं कृषि उत्पादनमा हुने कमि पूर्ति गर्न तराई तथा भित्रि मधेशका जिल्लाहरुमा डिप टयुवेल र स्यालो टयुवेल, पम्प तथा एसोसेरिज र ओभरहेड टयांक निर्माण गरी वितरण प्रणालीलाई प्रभावकारी बनाइनेछ । जसका लागि रु. १७ करोड ८१ लाख विनियोजन गरेको छु ।

१३४. बर्षेनी बाढी पहिरो तथा नदीजन्य क्षतिबाट कटान हुदै गएको जमिनलाई संरक्षण गरी जोखिम रहित मानव वस्ती एवं पूर्वाधार निर्माणका लागि तटबन्द कार्यक्रम संचालन गर्न प्रयाप्त बजेट विनियोजन गरेको छु ।

१३५. कृषियोग्य भूमिमा बाह्रै महिना सिंचाई सुविधा उपलब्ध गराई प्रदेशको प्रमुख आर्थिक आधारको रुपमा रहेको कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न ९ वटै जिल्लाको लागि सिंचाईतर्फ रु. १ अर्ब १६ करोड ६९ लाख विनियोजन गरेको छु ।

१३६. प्रदेशको कमजोर पूर्वाधारको कारण विकासको मूल प्रवाहबाट बन्चितिकरणमा परेको यस प्रदेशका जनताको सहज आवतजावत, कृषि उत्पादन र बजारीकरणलाई सहयोग पुर्याउने, सहज पर्यटकीय क्रियाकलाप संचालन गरी समग्र प्रदेशको विकास गर्न सडक संजाल अत्यावश्यक रहेको हुँदा बिभिन्न जिल्लामा रहेका रणनीतिक महत्वका सडकहरु तथा अन्य सडकहरु निर्माणका लागि रु. १ अर्ब ७१ करोड ६७ लाख विनियोजन गरेको छु ।

१३७. प्रदेशको समग्र भौतिक विकासको मेरुदण्डको रुपमा रहेका रणनीतीक महत्व राख्ने ९ वटा सडकहरुलाई प्रदेश सरकारले प्रदेश गौरवका आयोजनाका रुपमा घोषणा गरी चालु आर्थिक वर्ष देखि नै कार्यान्वयनमा लगेको छ ।प्रदेश गौरवका सडक आयोजनाहरुलाई आगामी आर्थिक वर्षमा तीव्र रुपले अगाडि वढाउन यथेष्ठ सहयोग पुग्ने गरी रु. ४२ करोड ३१ लाख विनियोजन गरेको छु ।

१३८. कैलाली जिल्लाको गोदावरीमा रहने सुदूरपश्चिम प्रदेशको राजधानीको भौतिक पूर्वाधार विकासको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्न, तटबन्धन र घेरा पर्खाल निर्माण गर्ने कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**माननीय सभामुख महोदय,**

अव म विगत आर्थिक वर्षदेखि शुरु भएको प्रदेश पूर्वाधार विकास सम्वन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१३९. प्रदेशमा सन्तुलित रुपमा पूर्वाधार विकासलाई तिव्रता दिन चालु आर्थिक वर्षवाट शुरु गरिएको प्रदेश पूर्वाधार विकास कार्यक्रमको बजेट वृद्धि गरी प्रत्येक निर्वाचन क्षेत्रमा रु. ३ करोड पुर्याउन रु ९६ करोड विनियोजन गरेको छु ।

१४०. संघीयताको प्रभावकारी कार्यन्वयन, सेवा प्रवाहमा प्रभावकारिता, स्थानीय तहसंगको अन्तर आबद्धता सुदृढ गरी स्थानीय तहसंगको सहलगानीमा समपूरक अनुदानवाट संचालन हुने पूर्वाधार विकासका लागि रु. १ अर्व विनियोजन गरेको छु ।

**माननीय सभामुख महोदय,**

१४१. म अब **कर प्रणाली सुधार** सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

(क) आर्थिक कृयाकलापलाई करको दायरामा ल्याई प्रदेशको राजश्वको क्षेत्र फराकिलो बनाइनेछ ।

(ख) उत्पादनमूलक क्षेत्रमा लगानी प्रवर्द्धन गर्न कर प्रणालीलाई लगानीमैत्री वातावरणको सिर्जना गरिनेछ ।

(ग) गैर करका दरहरुलाई समसामयिक, लागतप्रभावी र पारदर्शी बनाइनेछ ।

(घ) कर चुहावट न्यूनीकरण गरी राजस्व असुलीको नियमित अनुगमन गर्न मन्त्रालयमा एक समिति गठन गरिनेछ ।

**माननीय सभामुख महोदय,**

१४२. म अब **सुशासन र सार्वजनिक सेवा प्रवाह** सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु,

(क) समाजमा जुनसुकै रुपमा रहेको भ्रष्टाचारलाई न्यूनीकरण र नियन्त्रण गर्न भ्रष्टाचारजन्य क्रियाकलाप विरुद्ध शून्य सहनशीलताको नीति कडाइका साथ कार्यान्वयनमा ल्याइनेछ ।

(ख) प्रदेशका सबै निकायको सार्वजनिक खर्चमा मितव्ययीता, प्रभावकारिता कायम गर्न मितव्ययीता सम्बन्धी नीतिगत व्यवस्था गरिनेछ ।

(ग) शासकीय स्वच्छता र सुशासन प्रवर्धनलाई सर्बोपरी प्राथमिकतामा राखी सबै क्षेत्रमा सदाचार पद्दति अवलम्बन गरिनेछ।

(घ) प्रदेश सरकारबाट प्रदान गरिने विकास निर्माण तथा सेवा प्रवाहका कार्यहरुलाई क्रमशः विद्युतीय प्रणालीसंग आवद्ध गर्दै चुस्त, मितव्ययी र प्रभावकारी गर्दै लगिनेछ।

(ङ) सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिनेछ। उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसंग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्यांकनको आधार बनाउने नीति अंगीकार गरिनेछ।

(च) जनताका गुनासाहरु सोझै मुख्यमन्त्री समक्ष राख्न **"मुख्यमन्त्री रेडियो कार्यक्रम"** र **"हेलो सी.एम कार्यक्रम"** कार्यक्रमलाई निरन्तरता दिएको छु । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको एक्सन रुमबाट प्रदेशका निकायहरु र स्थानीय तहबीच सोझै सम्पर्क स्थापित हुने प्रणालीको विकास गरिनेछ।

(छ) नागरिकलाई मानव अधिकारको आधारभूत पक्षमा सजग र क्रियाशील बनाउन नागरिक सचेतनाका कार्यक्रम संचालन गरिनेछ।

**माननीय सभामुख महोदय,**

१४३. म अब बजेटको **आवधिक योजना तथा तथ्यांक** सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

(क) संघीय सरकारको आगामी २५ वर्षको दीर्घकालीन सोंच सहितको २०७६ साउन देखि लागु हुने पन्ध्रौं योजना र दिगो विकासको लक्ष्यसंग तादाम्यता कायम गरी सुदूरपश्चिम प्रदेश सरकारको प्रथम पञ्च वर्षीय योजना आगामी आर्थिक वर्ष २०७६/७७ मा निर्माण गरिनेछ । जसका लागि रु. १ करोड ५० लाख विनियोजन गरेको छु।

(ख) प्रदेशको आवधिक तथा वार्षिक योजना तर्जुमाका लागि आवश्यक पर्ने आर्थिक सामाजिक क्षेत्रका खण्डीकृत तथ्यांक उपलब्ध हुने गरी चालु आर्थिक वर्षमा सुरु गरिएको प्रदेश बहुसूचक सर्वेक्षणलाई आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने गरी निरन्तरता दिन रु. ४ करोड ५० लाख विनियोजन गरेको छु। यस कार्यक्रम अन्तर्गत तथ्यांक तथा सूचना संकलन गर्न आउने गणकहरुलाई आवश्यक सहयोग गरी प्रदेशको अभियानलाई सार्थक वनाउन प्रदेशवासीहरुमा हार्दिक अनुरोध समेत गर्दछु।

(ग) प्रदेशमा रहेका बेरोजगार युवाहरुलाई सहुलियत दरमा कर्जा उपलब्ध गराई स्वरोजगार बनाउने उद्देश्यले चालू आर्थिक वर्षमा शुरु गरिएको युवा स्वरोजगार विकास कार्यक्रम सञ्चालन गर्ने कानूनी आधारको रुपमा पेश गरिएको स्वरोजगार विकास कोष विधेयक सम्मानित सदनबाट पारित भई प्रमाणीकरणको प्रक्रियामा रहेको छ ।उक्त कार्यक्रम

सञ्चालन गर्न चालू आर्थिक वर्षमा छुट्याइएको रकममा थप हुने गरी रु. १० करोड विनियोजन गरेको छु।

(घ) प्रदेशमा आगामी आर्थिक वर्षमा स्थापना हुने प्रदेश लोकसेवा आयोग, प्रदेश योजना आयोग, प्रदेश लगानी बोर्डको कार्यलय लगायतका सम्भावित नयाँ संरचनाहरुको गठन तथा संचालन व्यवस्थापनाको कारणले सिर्जना हुन सक्ने सम्भावित दायित्व र अन्य आकस्मिक प्रयोजन समेतको लागि विचार गरी आवश्यक पर्ने रकम आर्थिक मामिला तथा योजना मन्त्रलयको अर्थ विविधमा व्यवस्था गरेको छु।

(ङ) प्रदेशमा भविस्यमा स्थापना हुने प्रदेश सार्वजनिक संस्थानहरुमा प्रदेश सरकारको तर्फबाट गर्नुपर्ने लगानीलाई विचार गरी रु. ४० करोड वित्तीय व्यवस्थाका लागि विनियोजन गरेको छु।

